**लेकवेशी नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

## कल्याण, सुर्खेत

**कर्णाली प्रदेश नेपाल**

## आन्तरिक आय संलकन सम्बन्धी बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८१/०८/२३)

यस कार्यालयको चालु आ.व.०८१/०८२ मा भेरी नदी र चिङ्गाड खोलाबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण गरि आन्तरिक आय संकलन गर्ने कार्य बोलत्रपको माध्यमबाट गर्नुपर्ने भएकोले मु.अ.क. मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त फर्महरुले रितपूर्वकको बोलपत्र तपसिलको शर्तहरु पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मार्फत् पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. फर्मको हकमा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाण पत्र, आ.व.२०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर वापत Prime Commercial Bank, लेकवेशी शाखा, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०६१०१०००००००४७४००१०६ खातावालाको नाम : Ga.1.1 ANTRICK RAJSWA A/C मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन मिति : २०८१/०९/०८ गते समय दिनको १२ बजे सम्म बोलपत्र फाराम download गर्न सकिनेछ । बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताको सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।

२. बोलपत्र फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको धरौटी रकम यस कार्यालयको धरौटी हि.नं. ०६१०१०००००००४८३००१९८ खातावालाको नाम : Ga.3 DHARAUTI A/C मा जम्मा गरि सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारी गरिएको विड बण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दाताको प्रत्येक पानामा सही छाप गरि फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का वितरण प्रोपराईटरको नाम, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन २०८१/०९/०८ गते दिनको १२.०० बजे भित्र विद्युतीय माध्यमबाट (electronically मात्र) दर्ता गर्न सकिने छ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु पेश गर्ने अन्तिम दिनको (२०८१/०९/०८ गते) १.०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको ११.०० बजे खोलिने छ ।

६. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

८. अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ वा खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

CamScanner

## तपसिल

| सि. नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | जम्मा उत्खनन् परिमाण | न्यूनत्तम ठेक्का रकम रु.(सेवा शुल्क र मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर(रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | NCB/MINES/LM/2081-082/01(Re) | नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरण गरि आन्तरिक आय संकलन गर्ने कार्य | ८०९११।- | १,४२,८६,७२५।- (अक्षरुपी एक करोड बयालीस लाख छयासी हजार सात सय पच्चीस रुपैयाँ मात्र) | ३००० | |

प्रमुख प्रशासकीय अधिकृत

CamScanner